# बेसीशहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मितिः २०८१।०३।१७)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस बेसीशहर नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि २०७४ को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ संकलन गरी यस नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९।८० को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | संकलन क्षेत्र/ वडा नं. | उत्खनन् परिणाम (घन मिटर) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | Besishaharmun/ Revenue/NCB/ 081/82/01 | बेलौती बिसौना खण्ड | मालेवगर भलामखोला देखि बेलौती बिसौना हुँदै पुवाखोला दोभान सम्म (वडा नं. ६) | ८,७५० | २७,८२,०००। | कबोल अंकको ५ प्रतिशत | ३,०००। |
| २ | Besishaharmun/ Revenue/NCB/ 081/82/02 | सालडाँडा खण्ड | थारचौर पुलदेखि तल सालडाँडा मुनिको भाग (वडा नं. २,१०) | ६,८२५ | २१,७०,०००। | कबोल अंकको ५ प्रतिशत | ३,०००। |
| ३ | Besishaharmun/ Revenue/NCB/ 081/82/03 | गैरी क्याम्पस मुनी खण्ड | गैरी क्याम्पस मुनि घुम्ती देखि झोलुङ्गे पुल माथिको भाग (वडा नं. २ र ११) | २८,८०० | ९१,५५,०००। | कबोल अंकको ५ प्रतिशत | ३,०००। |
| ४ | Besishaharmun/ Revenue/NCB/ 081/82/04 | गाईखुरे छहरा खण्ड | गैरी क्याम्पसको झोलुङ्गे पुलदेखि तल, गाईखुरे झरना अगाडी र पारीपट्टी सिमलको रुख मुनी घुम्ती माथि (वडा नं. १, २ र ११) | ३२,४०० | १,०३,००,०००। | कबोल अंकको ५ प्रतिशत | ३,०००। |
| ५ | Besishaharmun/ Revenue/NCB/ 081/82/05 | आकासे भिरको डिलमुनीको भाग | कसर उद्योग मुनि देखि चिप्लेटीको पुल माथिको भाग (वडा नं. १) | ४५,००० | १,४४,००,०००। | कबोल अंकको ५ प्रतिशत | ३,०००। |
| ६ | Besishaharmun/ Revenue/NCB/ 081/82/06 | रिठ्ठेवगर घाट | चिती मोटरेवल पुल घुम्ती देखि तल देउथान खोला सम्म (वडा नं. १ र ११) | ९,००० | ४०,००,०००। | कबोल अंकको ५ प्रतिशत | ३,०००। |

चेत नाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

# बेसीशहर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | Besishaharmun/ Revenue/NCB/ 081/82/07 | दोर्दी खोला क्षेत्र | चिती खण्ड दोर्दी खोला वारी पट्टीको भाग सबै (वडा नं. ११) | ५,६२५ | १७,९०,०००। | कबोल अंकको ५ प्रतिशत | ३,०००। |

**शर्तहरु:**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९।८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, वोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ग-१-१ ३०४०१००३०१०१०००२ मा नगद जम्मा गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३१ औं दिनको दिउँसो १२:०० बजे भित्र (मितिः २०८१।०४।१७) सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np बाट बोलपत्र सम्वन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई वोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. बोलपत्र सम्वन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। बोलपत्रको मान्य अवधि बोलपत्र खोलिने मितिबाट ९० दिनको हुनुपर्नेछ। आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको यस कार्यालयको धरौटी खाता नं. ग-३ ३०४०१००३०३००००००२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा वोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र खोलिने मितिबाट १२० दिनको म्याद सहित जारी गरिएको विड बण्ड साथ अपलोड गर्नु पर्नेछ।

३. बोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोप्राइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र (मितिः २०८१।०४।१७) सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np मा विद्युतीय प्रति अपलोड गर्नु पर्नेछ।

४. रितपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको (मितिः २०८१।०४।१७) १:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित

चेत नाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

# बेसीशहर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल


नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. प्रि-विड बैठक यो सूचना प्रकाशित मितिले २० औं दिन दिनको १:०० बजे (मितिः २०८१।०४।०६) यस नगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम र आफुले कबोल गरेको अंकको नियमानुसार थप १३ % भ्याट रकम र आयकर तथा अन्य तिर्नु बुझाउनु पर्ने रकम र करहरु समेत यस कार्यालयमा जम्मा गरी सम्झौताका लागि उपस्थित हुनुपर्नेछ । कबोल अंकको पुरै रकम बुझाउने भएमा न्यूतम बोलपत्र अंक बाहेकको रकममा १० प्रतिशत छुट दिइनेछ । दोस्रो किस्ता बापतको ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ साल असोज मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी ( परफरमेन्स बन्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरिनेछ । दोस्रो किस्ता बापतको रकम २०८१ साल चैत मसान्त भित्र बुझाइ सक्नुपर्नेछ अन्यथा बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) बाट अशुल उपर गरिनेछ ।

८. तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा बोलपत्र पेश भएको बखत राखिएको धरौटी रकम (विड वण्ड) जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ ।

९. **सूचना नं./बोलपत्र नं.:** Besishaharmun/Revenue/NCB/081/82/03, (**बोलपत्रको नामः** गैरी क्याम्पस मुनी खण्ड), **सूचना नं./बोलपत्र नं.:** Besishaharmun/Revenue/NCB/081/82/04, ( **बोलपत्रको नामः** गाईखुरे छहरा खण्ड) र **सूचना नं./बोलपत्र नं.:** Besishaharmun/Revenue/NCB/081/82/05, (**बोलपत्रको नामः** आकासे भिरको डिलमुनीको भाग) को हकमा [redacted] संकलन गरिने क्षेत्रको नदी किनारा बाट १० मिटर सम्मको भागमा नदीजन्य सामाग्री संकलन कार्य गर्न पाईनेछैन ।

१०. प्रचलित नियमानुसार कालो सुचीमा परेका र नगरपालिकालाई बुझाउनु पर्ने बाकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुले पेश गरेका बोलपत्र फाराम उपर कुनै कारवाही हुनेछैन ।

११. यस सुचनामा उल्लेख भएका शर्तहरु ठेक्काको सम्झौता प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छन् । यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख

चेत नाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत